

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौं २८ गते शुक्रबार ❑ 13 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कृषिबाट समृद्धि हासील गर्न सकिन्छ– नेता कोइराला

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं




नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवं पूर्व महामन्त्री शंशाङ्क कोइरालाले नेपाल कृषि उत्पादनका लागि उपयुक्त स्थान भएकाले कृषि क्षेत्रबाट नै समृद्धि हासील गर्न सकिने बताउनुभएको छ।

वीपी चिन्तन प्रतिष्ठानद्धारा बिहीबार पोखरामा आयोजित गण्डकी प्रदेश स्तरीय नेपालमा कृषि क्रान्ति :सम्भावना र चुनौती विषयक विचार गोष्ठीमा आफ्नो भनाइ राख्दै कोइरालाले भन्नुभयो- सरकारले कृषिलाई पहिलो प्राथामिकतामा राख्नुपर्छ।

युवालाई कृषितर्फ आकर्षण गर्न जरुरी भएको बताउँदै उहाँले आफ्नो परिवारको मुख्य पेशा पनि कृषि नै भएको भनाइ उहाँको छ। वीपी कोइराला कृषि पेशाप्रति आकर्षण हुने गरेको भनाइ पनि उहाँले राख्नुभयो । नेपालमा थुपै कृषियोग्य भूमि भएकाले त्यसको सदुपयोग गर्दै विदेशबााट आयात गरिने खाद्यान्न तथा तरकारी घटाउँदै जानुपर्ने भनाइ उहाँको छ। कृषिमा आत्म निर्भर हुन सक्यौ भने नेपालको खरबौ रुपैयाँ नेपालमा नै रहने उहाँले बताउभयो।

नेपाली काँग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले वीपीको विचारलाई आत्मसाथ गर्दै कृषि क्रान्ति ल्याउन सकयौ भने नेपालीको भविष्य यसैमा हुने बताउनुभयो । प्रजातन्त्रमा नेपाली जनतामा मालिक हुने भएकाले उनीहरुकै सेवामा दलका नेताहरु लाग्नुपर्ने भनाइ उहाँको छ। कृषिलाई केन्द्र बिन्दुमा राखेर सरकारले अनुदान र कृषिमा आधुनिकीकरण गर्न आवश्यक भएको बताउनुभयो। नेकपा एमाले गण्डकी प्रदेश संसदीय दलका नेता एवं गण्डकी प्रदेश सरकारका पूर्व मुख्यमन्त्री खगराज अधिकारीले ६८ प्रतिशत जनता कृषिमा आवद्ध भएको नेपालमा कृषिलाई बैज्ञानिकीकरण गर्दै मध्यम वर्गका युवालाई त्यसतर्फ आकर्षण गर्न जरुरी हुने वताउनुभयो । दिगो विकास र अर्थतन्त्र सुधारको लागि सरकारले कृषिलाई नै पहिलो प्राथामिकाता दिनुपर्ने बताउँदै रेमिट्यान्सको भर पर्दा देशको अर्थतन्त्र कुनै पनि बेला ढल्न सक्ने भनाइ उहाँको छ । नेकपा (माओवादी ) केन्द्र गण्डकी प्रदेश संसदीय दलका नेता हरिबहादुर चुमानले नेपाललाई कृषिमा आत्म निर्भर बनाउन कृषिमा ठूलो क्रान्ति ल्याउनुपर्ने बभताउनुभयो । जमिन भएर पनि हामीले कृषि क्षेत्रमा विकास गर्न नसक्नु विडम्बना भएको बताउनुभयो । कृषि नीति बलियो भयो भने देशले कृषि क्षेत्रमा काचुली फेर्ने भनाइ उहाँको छ।

उक्त कार्यक्रम वीपी चिन्तन प्रतिष्ठानका केन्द्रीय सदस्य ऋषि काफ्लेको अध्यक्षता एवम् नेपाली काँग्रेस कास्कीका सहसचिव शंकर ढुङ्गानाले सञ्चालन गर्नुभएको कार्यक्कममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य शारदा पौडेल, विपी चिन्तन प्रतिष्ठानका सह अध्यक्ष पुष्पराज पराजुली, केन्द्रीय सदस्य नवराज गुरुङ, पूर्व मन्त्री यज्ञबहादुर थापा, नेपाली काँग्रेस गण्डकी प्रदेश महामन्त्री विष्णु लामिछाने, डा. लक्ष्मीकान्त पौडेल, गणेशमान फाउन्डेशनका गण्डकी प्रदेश संयोजक दुर्गा तिमल्सिना, प्रतिष्ठानका बाग्लुङ अध्यक्ष गोविन्द कंडेल, स्याङ्जा अध्यक्ष जीवलाल काफ्ले लगायतले बोल्नुभएको थियो।

## शिक्षा ऐन नआउँदा समस्या : मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं



गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाले संघले शिक्षा ऐन नल्याउँदा समस्या भएको बताएका छन् ।

बिहीबार शिव शक्ति क्याम्पस, पोखरा-११, फूलबारीको ३२ औं स्थापना दिवस एवं १६ औं साधारणसभाको उद्घाटन गर्दै मन्त्री थापाले संघले शिक्षा ऐन ल्याउनेवित्तिकै गण्डकीले पनि समयानकूल नीति ल्याउने जनाए। उनले मुलुकमा एसइई तथा प्लस टुको नतिजाले सबैलाई निराश बनाएको उल्लेख गर्दै १२ कक्षा सक्नेवित्तिकै विदेश जाने मोह त्यागेर कसरी स्कुल-कलेज जाऔं-जाऔं बनाउन सकिन्छ भन्नेबारे सोच्नुपर्ने बताए । 'बुक फ्रि फ्राइडे' कार्यक्रमलाई प्रभावकारीरुपमा लागु गर्दै उक्त दिन आत्मरक्षा, नैतिक शिक्षक, योग, ध्यान, प्राणायाम लगायत सिप सिकाउने शिक्षामा जोड दिन आग्रह गरे।

शिव शक्ति आफ्नो निर्वाचन क्षेत्रभित्रकै कलेज भएको बताउँदै मन्त्री थापाले आगामी दिनमा सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । क्याम्पस प्रमुख चन्द्रकान्त रेग्मीले २०५२ सालदेखि कलेजमा आबद्ध रहेको स्मरण गर्दै कलेजको सर्वाङ्गीण विकासमा आफूहरु लागिपरेको बताए । उनले कलेजको ऐतिहासिक, शैक्षिक, प्रशासनिक, भौतिक, आर्थिक पक्षबारे जानकारी गराए । उनले विद्युतीय उपकरण कमी भएको, पूर्णकालीन प्राध्यापक अभाव रहेको, आय-व्ययमा विगतदेखि नै असमानता रहेको, विद्यार्थीमा कक्षा छाड्ने प्रवृत्ति चुनौतीको रुपमा रहेको जनाए । कलेज संचालक समिति अध्यक्ष टुवराज बास्तोला 'विशाल' ले वार्षिक कार्ययोजना प्रस्तुत गरे। विद्यार्थी संख्या थप वृद्धि गर्न विभिन्न थप छात्रवृत्ति कोषको स्थापना गरी छात्रवृत्ति प्रदान गर्ने, पूर्णकालीन प्राध्यापक व्यवस्था, सक्सेसर प्लान लागु गर्ने, पढ्दै कमाउँदै, कमाउँदै पढ्दै जस्ता कार्यक्रम संचालन गर्ने योजना रहेको सुनाए। कार्यक्रममा पोखरा ११ का वडाध्यक्ष प्रेमप्रसाद कर्माचार्य, जनप्रिय बहुमुखी क्याम्पस व्यवस्थापन समिति अध्यक्ष वीरेन्द्रनारायण बिजुक्छे, कन्या क्याम्पस संचालक समिति अध्यक्ष शिवलाल मल्ल, पोखरा उद्योग वाणिज्य संघमा अध्यक्षका प्रत्यासी अर्जुन पोखरेल लगायतले बोलेका थिए । सो अवसरमा नयाँ ३१ र पुराना १० सिनेटर सदस्यलाई प्रमाणपत्रसहित सम्मान गरिएको थियो । बिएड प्रथम वर्षमा प्रथम श्रेणीसहित उत्तीर्ण दिव्या बानियाँले ओमनाथ पवित्रा स्मृति छात्रवृत्ति प्राप्त गरिन् । यस्तै, विभिन्न नाममा स्थापित अक्षयकोषबाट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो । स्नातक चौथो वर्ष उत्तीर्ण विद्यार्थीलाई कलेज तथा तेस्रो वर्षका विद्यार्थीले मायाको चिनोसहित बिदाइ गरे । १० वर्षभन्दा बढी सेवा गरेका शिक्षक कर्मचारीलाई मन्त्री थापाले सम्मान गरे । सो अवसरमा क्याम्पसद्वारा प्रकाशित स्मारिकासमेत विमोचन भयो। क्याम्पस संचालक समिति अध्यक्ष टुवराज बास्तोलाको अध्यक्षतामा भएको समारोहको संचालन निवर्तमान सहायक क्याम्पस प्रमुख एवं संचालक समिति सदस्य रमेश थापाले गरेका थिए।

समारोहमा संचालक, सल्लाहकार, पूर्व अध्यक्ष, संचालक समिति सदस्य, संस्थापक शिक्षक, छात्रवृत्ति कोषका संस्थापक, पूर्व प्राचार्य/क्याम्पस प्रमुख, आजीवन सदस्य, सिनेटर, शिक्षक, कर्मचारी र विद्यार्थीको उल्लेख्य उपस्थिति थियो। विद्यार्थीले नृत्य प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरेका थिए । साविक महाविद्यालयको रुपमा नदीपुरमा स्थापित यो क्याम्पस २०५० भदौ ८ मा स्वीकृत प्राप्त गरेको हो। २०५४ देखि फूलबारी सरेको हो । हाल कलेजमा स्नातक तहमा बिबिएस र बिएडका कक्षा संचालित रहेको सहायक क्याम्पस प्रमुख सूर्यप्रसाद घिमिरेले बताए।

## अपाङ्गताको क्षेत्र हाम्रो प्राथमिकतामा छ, यो मुद्दामा सरकार संवेदनशील छ : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अपाङ्गताको क्षेत्र गण्डकी सरकारको प्राथमिकतामा रहेको बताउँदै यस विषयमा सरकार संवेदनशील रहेको बताएका छन् ।

लक्षित वर्गलाई समेट्न गरी नीति, कार्यक्रममा सरकारले विषेश ध्यान दिएको उनले बताए। 'प्रादेशिक अपाङ्गता नीति निर्माण भएर कार्यन्वयन भईरहेको छ, अपाङ्गताको क्षेत्र केन्द्रित भएर काम गर्ने गरी अपाङ्गता निर्देशन समिति छ' बिहीवार राष्ट्रिय अपाङ्ग कोषले आयोजना गरेको ह्विलचेयर वितरण कार्यक्रममा मुख्यमन्त्री पाण्डेले भने ' अपाङ्गता संम्बन्धी ऐनको तयारी भईरहेको छ ।' प्रदेश सरकारले निर्माण गर्ने संरचना अपाङ्गमैत्री हुनुपर्ने नीति लिइएको बताउँदै उनले कार्यन्वयनकालागि प्रदेश सरकार मातहतका सबै निकायलाई निर्देशन दिइएको बताए । 'यसअघि बनेका पुराना संरचना धेरैजसो अपाङ्गमैत्री छैनन्, अब बन्ने संरचना अपाङ्गमैत्री बनाउने नीति सरकारको छ ।' अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, सशक्तीकरण, क्षमता विकास, सहायता सामग्री वितरण लगायतका काम सामाजिक बिकास तथा युवा खेलकुद मन्त्रालय मार्फत प्रदेश सरकारले गरिरहेको उनले बताए । 'सबै खालको अपाङ्गता भएकाहरुलाई समेट्ने गरी अपाङ्गता निर्देशन समितिमा १० प्रकारको अपाङ्गता प्रतिनिधित्व गर्नेहरु हुनुहुन्छ' मुख्यमन्त्री पाण्डेले भने 'यो समितिले नीति निर्माणदेखि कार्यक्रम कार्यान्वयनमा सरकारलाई सहयोग गर्नेछ ।' जिल्लास्थित सामाजिक विकास कार्यलय मार्फत अपाङ्गता क्षेत्रमा सहयोग पुग्ने गरी हक अधिकारलागि बहस, पैरवी, समुदायमा आधारित पुर्नस्थापना, विउ पुँजी वितरण लगायतका कार्यक्रममा सहभागी हुन मुख्यमन्त्री पाण्डेले अनुरोध गरे । प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, व्यवशाय संचालन लगायत


बाँकी अन्तिम पृष्ठमा ▶▶


## परिणाम आजको आवश्यकता : कृषि मन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं



गण्डकी प्रदेशकी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री पद्मा जिसी श्रेष्ठले परिणाममुखी कार्य गनुपर्ने बताएकी छिन् ।

वुमन चेम्बर अफ कमर्स कास्कीको वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनको अवसरमा बोल्दै मन्त्री श्रेष्ठले योजनाहरु निर्माण भएपनि अपेक्षित परिणाम प्राप्त हुन नसकेको उल्लेख गर्दै अब परिणाममुखी योजनाहरुमा जोड दिनुपर्ने बताएकी हुन् ।

मन्त्री श्रेष्ठले भनिन्,' अर्थतन्त्र सुदृढीकरणको सुरुवात अब कृषिबाट गर्नुपर्छ। कृषिजन्य दैनिक उपभोग्य वस्तुहरु समेत हामीले आयात गनुपर्ने अवस्था छ। यो आयात गनुपर्ने अवस्थाको अन्त्य गर्दै अब आत्मनिर्भर मात्रै होइन निर्यात उन्मुख हुनुपर्छ । अब हामी ठूला ठूला कुरा मात्रै होइन, परिणाममुखी कार्य गर्दै अघि बढ्नुपर्छ । परिणाम नै आजको आवश्यकता हो ।' वुमन चेम्बर अफ कमर्समा संगठित महिलाहरुलाई विविध कार्यक्रमहरुसँग जोड्दै थप सशक्त रुपमा अघि बढाउन उनले सुझाइन्। कास्कीसँगै प्रदेशभरका महिलाहरुलाई कृषि उत्पादनमा जोडिन आग्रह गर्दै मन्त्री श्रेष्ठले मन्त्रालयको तर्फबाट साथ सहयोग रहने प्रतिबद्धता समेत ब्यक्त गरिन्। 'यो संस्थामा आवद्ध रहनुभएका सम्पूर्ण महिला दिदीबहिनीहरुलाई थप सशक्तताका साथ अघि बढ्न आग्रह गर्दछु।

कुनै एक क्षेत्रमा मात्रै होइन, अब विविध क्षेत्रमा महिलाहरुको सहभागिता रहनुपर्छ । यसका लागि मेरो पूर्ण रुपमा साथ सहयोग रहन्छ,'उनले भनिन् । सो अवसरमा वुमन चेम्बर अफ कमर्स कास्कीका उत्कृष्ट सदस्य र स्मारिका प्रकाशनमा सहयोग गर्ने दाताहरुलाई मन्त्री श्रेष्ठले सम्मान समेत गरेकी थिइन् । कार्यक्रममा पोखरा चेम्बर अफ कमर्स कास्कीका पदाधिकारी, वुमन चेम्बर्स अफ कमर्स कास्कीका पदाधिकारी एवं सदस्यहरुको उपस्थिती रहेको थियो।


पोखरा उद्योग वाणिज्य संघ
गैह्रापाटन, पोखरा-४, कास्की

हार्दिक निमन्त्रणा

पोखरा उद्योग वाणिज्य संघको निम्न मिति, समय र स्थानमा आयोजना हुने ३५ औं महाधिवेशनको समुदघाटन समारोह तथा साधारण सभामा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

प्रमुख अतिथि : श्री चन्द्रप्रसाद ढकाल, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

मिति : २०८१ भाद्र २८ गते, शुक्रबार
स्थान : पोखरा उद्योग वाणिज्य संघ सभाकक्ष
समय : बिहान १०:३० बजे

पुनश्च : समुद्घाटन समारोहपश्चात अपरान्ह १२:३० बजे साधारण सभा सुरु हुने व्यहोरा जानकारी गराउँछौं ।

प्रार्थी
पवनकुमार प्रजापति (अध्यक्ष) बलराम आचार्य (महासचिव)

साधारण सभामा छलफल गर्ने विषयहरु :
- महासचिवबाट वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल र पारित ।
- कोषाध्यक्षबाट आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत, छलफल र पारित ।
- कोषाध्यक्षबाट आ.व. २०८१/०८२को अनुमानित आयव्यय प्रस्तुत, छलफल र पारित ।
- प्रस्तावहरुबारे छलफल ।
- विविध ।

# २३ औं आहा! रारा गोल्ड कप घाटामा

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

"२३ औं संस्करणको आहा ! रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिता २०८०" मा हालसम्मकै सबै भन्दा बढी घाटा भएको छ।

कोभिडका बेलामा समेत ३ लाख घाटा भएको उक्त पोखरा गोल्ड कपबाट गत बर्ष भने १५ लाख भन्दा बढी घाटा भएको सहारा क्लवले जनाएको छ।

गत माघ ८ देखि २० गतेसम्म पोखरा रंगशालामा संचालन भएको उक्त प्रतियोगिताबाट १५ लाख ३८ हजार ४ सय ३६ रूपैया घाटा भएको विहिबार पोखरामा आयोजित आय व्यय सार्वजनिक कार्यक्रम मार्फत क्लवले जानकारी गराईएको हो।

उक्त प्रतियोगिता सम्पन्न गर्न १ करोड १५ लाख ३३ हजार ९ सय १७ रुपैयाँ खर्च भएको सहारा क्लवका कोषाध्यक्ष बिनु राना मगरले बताइन्। उक्त प्रतियोगिताबाट ९९ लाख ८५ हजार ४ सय ५१ रुपैयाँ मात्र आम्दानी गर्न सफल भएको उनले जनाइन्। विश्व व्यापी रुपमा देखा परेको आर्थिक मन्दी



र रास्ट्रिय फुटबल खेलाडीहरुको विदेश पलायनले नेपालको रास्ट्रिय फुटबलको रौनक घट्दै गएको कारण प्रतियोगिता संचालनमा निकै चुनौती रहेको क्लवका अध्यक्ष केशवराज बरालले बताए। उक्त प्रतियागिता सफल पार्न दिने भनेको केही रकम उठ्न नसक्दा पनि क्लवले यस बर्ष हालसम्मकै धेरै घाटा व्यहोर्नुपरेको उनले जनाए। एक जना व्यक्तिबाट १ लाख १५ हजार सहयोग दिने घोषणा सहित चेक दिए पनि चेक बाउन्स भएको क्लवले जनाएको छ। "आत्मा साक्षी राखी मन वचन र कर्मले सामाजिक सेवा गरी" भन्ने उद्देस्य अनुरुप सहारा क्लब पोखरा द्वारा संचालित कठिन परिस्थिति एंव विपन्न वर्गका बालकहरु सम्मेलित सुर्य बहादुर के.सी. स्मृति सहारा फुटबल एकेडेमीको सहयोगार्थ उक्त प्रतियोगिता संचालन हुँदै आएको हो। कोभिडका वेला संस्थाले करिब ३ लाख घाटा व्यहोरेको थियो भने गत बर्ष धेरै घाटा व्यहोर्नुपरेको क्लवले जनाएको छ। गत बर्ष कुल १२ टिम सहभागी भएकोमा २३ औं आहा ! रारा पोखरा गोल्ड कपको विजेता त्रिभुवन आर्मी फुटबल क्लब काठमाण्डौं र उप-विजेता थ्री स्टार क्लब ललितपुर रहेको थियो। यस प्रतियोगितामा सदा झै मुख्य प्रायोजकबाट एक लाख बराबरको रारा तयारी चाउचाउ दर्शकहरुलाई वितरण गरिएको थियो भने २२ लाख प्राप्त भएको थियो। यसपाली भुटानको टिम ल्यादा मात्र करिब ९ लाख खर्च भएको पूर्व अध्यक्ष विक्रम थकालीले बताए। पोखरा रंगशालाको मैदान सहित अन्य भौतिक संरचनाको मंर्मत संहारमा करिब ४ लाख ४५ हजार खर्च भएको कार्यक्रम संयोजक पूर्ण बहादुर गुरुङले बताए। आयोजक खर्चमा ११ लाख ५७ हजार, खेलाडीको दैनिक भ्रमण खर्चमा ३९ लाख ७३ हजार, प्रचार प्रसारमा ६ लाख खर्च भएको थियो। ११ दिन चलेको प्रतियोगितामा प्रबेश टिकट बिक्रिबाट मात्र २६ लाख ३७ हजार आम्दानी गर्न सफल भएको थियो। पोखरा महानगरपालिकाले १० लाख, प्रदेश खेलकुद परिषद गण्डकीले ५ लाख, डिशमिडिया नेटवर्क लिबाट ५ लाख सहयोग प्राप्त भएको क्लवले जनाएको छ। अन्तर्राष्ट्रिय अन्तर-क्लब स्तरीय "२३ औं आहा ! रारा पोखरा गोल्ड कप फुटबल प्रतियोगिता २०८०" लाई सफलतापुर्वक सम्पन्न गर्न पोखरा महानगरपालिका संरक्षक, उप-प्रायोजकमा पोखरा ९ को कार्यालय, चरक मेमोरियल हस्पिटल लगायतका रहेको महासचिवब रामजी प्रसाद अधिकारी बताए।

# नमूना बन्यो माछापुच्छ्रेको चक्लाबन्दी खेती

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

माछापुच्छ्रे गाउँपालिका-३ घाचोकमा चक्लाबन्दीमार्फत गरिएको सामूहिक खेती कृषि क्षेत्रमा नमूना बनेको छ।

गण्डकी प्रदेश सरकारले चार वर्षअघि घाचोकस्थित सिरानखेतबाट प्रदेशमा पहिलोपटक जमिन चक्लाबन्दी कार्यक्रम सुरु गरेको थियो। घाचोकको सिरानखेत र तल्लाखेतमा गरी तीन सय १६ रोपनी जमिन चक्लाबन्दी गरी सामूहिक खेती थालिएको छ। स-साना खेतका गरालाई मिसाएर ठूलो क्षेत्रफलमा सामूहिक खेती थालेपछि कृषि क्षेत्रमा घाचोक नमूना बन्दै गएको भूमे सिर्जनशील कृषक समूहका सचिव भुवनेश्वर पोखरेलले बताउनुभयो। उहाँका अनुसार चक्लाबन्दीमा कसरी काम भइरहेको छ भनेर देशका विभिन्न भागबाट जनप्रतिनिधि, राजनीतिक दलका नेता, इञ्जिनियर, कृषि प्राविधिक, कृषक तथा सरोकार भएका निकायका प्रतिनिधि अध्ययन, अवलोकनका लागि आउने गरेका छन्। "हामीले स-साना कित्तामा विभाजित जग्गालाई चक्लाबन्दी गरेर सामूहिक खेती गरेका छौं। यहाँको चक्लाबन्दी अवलोकन र अध्ययन गर्न देशभरबाट विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्व आउने गर्नुभएको छ", सचिव पोखरेलले भन्नुभयो, "हाम्रो ठाउँ अहिले देशमा कृषि क्षेत्रमा नमूना बन्दै गएकामा खुशी छौं।" सचिव पोखरेलले चक्लाबन्दीपछि खेती गर्न लागत कम हुनाका साथै उत्पादनमा वृद्धि भएको जानकारी दिनुभयो।



"चक्लाबन्दीका फाइदा धेरै छन्। खेती लगाउन सजिलो भएको छ भने उब्जाउ समेत बढेको छ। सिँचाइमा पनि सहज भएको छ", उहाँले भन्नुभयो। "चक्लाबन्दी गरिएको जमिनमा खेती लगाउनेदेखि थन्काउनेसम्मको सबै जिम्मेवारी कृषक समूहको छ। आफैं काम गर्ने कृषकले समूहबाट ज्याला पाउने गर्दछन्। काम गर्न नभ्याउनेले लागत बोर्होनुपर्ने गरी नियम बनाइएको छ। यसबाट खेतीमा समय दिन नसक्नेलाई सजिलो भएको छ", कृषक समूहका सचिव पोखरेलले बताउनुभयो। प्रदेश सरकारको कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कृषिको आधूनिकीरकण तथा यान्त्रीकरणका माध्यमबाट ठूलो क्षेत्रफलमा व्यावसायिक खेतीका लागि जमीन चक्लाबन्दी कार्यक्रम ल्याएपछि कृषक त्यसतर्फ आकर्षित भएका हुन्।

सुरुमा कृषकको जमिन एकीकरण गरेर समथर बनाउनका लागि कृषि मन्त्रालयले अनुदान दिने गरेको छ। सरकारले चक्लाबन्दी गर्न ४० देखि एक सय रोपनीसम्मका लागि बढीमा रु १० लाख अनुदान, एक सय एकदेखि दुई सय रोपनीलाई रु २० लाख, दुई सय एकदेखि तीन सय रोपनीसम्म रु ३० लाख र तीन सय रोपनीमाथि प्रतिरोपनी रु १० हजारका दरले अनुदान उपलब्ध गराउँदै आएको छ। कृषियोग्य जमिनमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न स-साना कित्ताका जमिनलाई एकीकृत गरी प्रदेशभित्र सामूहिक खेतीका माध्यमबाट टुक्रे उत्पादनको प्रवृत्तिलाई अन्त्य गरी ठूलो परीमाणमा एकै प्रकृतिको व्यावसायिक उत्पादनमा जोड दिन चक्लाबन्दी प्रभावकारी बनेको मन्त्रालयका भूमि स्रोत नक्साङ्कन महाशाखा प्रमुख गङ्गालाल पोखरेलले बताउनुभयो।

उहाँका अनुसार हालसम्म गण्डकीका मनाङबाहेक सबै जिल्लामा गरी पाँच हजार पाँच सय रोपनी जमिन चक्लाबन्दी गरिएको छ। "हिमाल पारिको मुस्ताङदेखि नवलपुरको समथर फाँटसम्म चक्लाबन्दी कार्यक्रम सञ्चालन भएको छ। प्रत्येक वर्ष मन्त्रालयले यस कार्यक्रम गर्दै आएको छ, कृषकको आकर्षण पनि बढिरहेको छ", नक्साङ्कन महाशाखा प्रमुख पोखरेलले भन्नुभयो।

# पोखरा क्लिकको आयोजनामा पोखरामा प्रथम पर्वतीय दौड हुने

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

पोखरामा असोज दोस्रो साता 'प्रथम पर्वतीय दौड प्रतियोगिता-२०८१' हुने भएको छ।

पोखरा वडा-२२ सहित समग्र पोखराको खेलपर्यटन माध्यमबाट प्रवर्द्धन गर्ने उद्देश्यले पोखरा क्लिक प्रा.लि. आयोजनामा असोज १२ गते उक्त प्रतियोगिता हुन लागेको हो। बिहीबार पत्रकार सम्मेलनमा पोखरा क्लिक प्रालि अध्यक्ष एवं प्रतियोगिता संयोजक दीननाथ बरालले वडा २२ सँगै खेलकुदमार्फत समग्र पोखराको आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनका लागि प्रतियोगिता आयोजना गर्न लागिएको जानकारी दिए। पोखरा २२ पुम्दी-भुम्दीमा मानवनिर्मित विश्व शान्ति स्तुप, पुम्दीकोट विशाल महादेवको मूर्ति तथा बुद्ध पार्क पछिल्लो समय पर्यटकीय गन्तव्य बन्दै गएका छन्। 'खेलपर्यटन प्रवर्द्धनमा पुम्दी-भुम्दी पर्वतीय दौड' नाराका साथ हुने ८ किमी दौड प्रतियोगिता खुला प्रतिस्पर्धा हो। दौडको रुट विश्व शान्ति स्तुपदेखि सुरु भइ पुम्दीकोट विशाल महादेवको मूर्ति परिक्रमा गरी पोखरा वडा २२ कार्यालय हुँदै बुद्ध पार्क (निगाले डाँडा) सम्म पुगेर टुंगिने छ। खुलातर्फ प्रथमलाई २५ हजार, दोस्रोलाई १५ हजार र तेस्रोलाई ७ हजार साथमा ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्रदान गरिनेछ। यस्तै, महिला धावक र यू-१६ बालबालिका, पोखरा २२ का वडा धावकमध्ये उत्कृष्ट एक-एक जनालाई नगद ७ हजारसहित प्रोत्साहन पुरस्कार प्रदान गरिनेछ। कार्यक्रममा ६ लाख ३९ हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ। पत्रकार सम्मेलनमा पोखरा पर्यटन परिषद्का नवनिर्वाचित अध्यक्ष तारानाथ पहारीले पोखराको समग्र पर्यटनमा प्रतियोगिताले सहयोग गर्ने भएकाले आफ्नै कार्यक्रम भएको बताए। विश्व शान्ति स्तुप समिति अध्यक्ष उत्तममान बुद्धाचार्यले करिब ५० वर्षअघि खुलेको विश्व शान्ति स्तुप प्रचार अभावमा छायामा परेको गुनासो गरे। उनले यसबाट थप प्रचार हुने अपेक्षा गरे। पोखरा उद्योग वाणिज्य संघको आसन्न महाधिवेशनमा अर्जुन पोखरेल प्यानलबाट वरिष्ठ उपाध्यक्षका उम्मेदवार बुद्धाचार्यले प्यानलतर्फबाट २० हजार रुपैयाँ हस्तान्तरण गरे। प्रदेश खेलकुद परिषद् गण्डकी सदस्य केशव पाठकले यो प्रतियोगिता नमुना हुने विश्वास लिए। नेपाल पत्रकार महासंघ गण्डकी सचिव यदुनाथ बञ्जाराले राम्रो अभ्यासको मिडियाले पनि सक्दो प्रचार गर्नुपर्ने बताए। आगामी २१ सेप्टेम्बरलाई विश्व शान्ति दिवस तथा २७ सेप्टेम्बरलाई विश्व पर्यटन दिवसको रुपमा मनाइँदैछ। यही सन्दर्भ पारेर पहिलो प्रयास गरिएको पत्रकार एवं कम्पनी अध्यक्ष बरालले बताए। पोखरा क्लिक प्रालिअन्तर्गत हाल पोखरा क्लिक डटकम न्यूज पोर्टल संचालित रहेको कम्पनीका व्यबस्थापक सागर सुनारले जनाए। प्रतियोगितामा हालसम्म पोखरा वडा २२ कार्यालय, पुम्दीकोट कोट विकास समिति, विश्व शान्ति स्तुप समिति, बुद्व पार्क समिति, पुम्दीकोट माउन्टेन लज, नेलम्बो नेपाल, नेपाल भूतपूर्व खेलाडी मञ्च, कास्की जिल्ला एथलेटिक्स संघ, पोखरा उद्योग वाणिज्य संघको आसन्न महाधिवेशनमा अध्यक्षका प्रत्यासी अर्जुन पोखरेल प्यानल, सहारा क्लब पोखरा, अटोवेज प्रालि, ग्लेज ड्रिङकिङ वाटर, सिटिजन फर्निचर, बराल पार्टी प्यालेस, एस.के. साउण्ड, परिचय एड् भरटाइटिङ, राष्ट्रिय पोशाकघर, अन्तराष्ट्रिय पर्वतीय संग्राहलय, खेलकुदकर्मी विश्व तण्डुकार लगायतले सहयोग गरेका छन्।

# अपाङ्गताको ...

कार्यक्रम र अपाङ्गता भएकालाई प्राथमिकता दिने गरी नीतिगत व्यवस्था गरेको बताउँदै उनले भने 'सरकारको साधन स्रोत, क्षमताले भ्याउँदा सम्म सहयोग थप्दै लगिनेछ।' यस क्षेत्रमा काम गर्ने दातृ निकाय, बिभिन्न संघ संस्थासँगको सहकार्यमा सरकारले समन्वय र नीतिगत सहजीकरण गर्दै जाने उनले बताए। राष्ट्रिय अपाङ्ग कोषले दैनिक आवश्यक पर्ने सहायक सामग्री कृतिम हात खुट्टा, क्यालिपर, बैशाखी, वाकर, एल्वो, सेतो छडी ह्विलचेयर जस्ता विकासात्मक सहायक सामग्री उत्पादन गरी वितरण गर्दै आएको सभापति डेकराज भट्टराईले बताए। बिहिवार कोषले विषेशज्ञवाट नापजाँच एवं तालिम सहित ओम हङ्ग गिल ह्यूमन फाउण्डेशनसँगको समन्वयमा उपलब्ध गराइएको ह्विलचेयर मुख्यमन्त्री पाण्डेले ३२ जनालाई बितरण गरेका हुन्।

# पोखरामा नाटक जानकी मञ्चन हुँदै

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

पद्माप्रेम थिएटरको प्रस्तुतीमा पोखरामा शुक्रवारदेखि नयाँ नाटक जानकी मञ्चन हुने भएको छ। पोखराको गैरापाटन स्थित पोखरा थिएटरको गन्धर्व नाटकघरमा उक्त नाटक मञ्चन हुन लागेको हो।

पद्माप्रेम थिएटरको प्रथम वार्षिकीको अवसरमा यो नाटक मञ्चन हुन लाथेको हो। नाटक पद्माप्रेम थिएटरका अध्यक्ष समेत रहेकी कलाकार सावित्रा पाठक (सबु) ले लेखेकी हुनु भने गोविन्द पराजुली र शितला अधिकारीको संयुक्त निर्देशनमा नाटक तयार भएको हो।

नाटक शुक्रवारदेपख एक हप्तासम्म मञ्चन हुने अध्यक्ष पाठकले जानकारी दिईन्। नाटक हरेक दिन साँझ ५ बजे मञ्चन हुनेछ। 'यो नाटक यहि समाजमा बसेर यहि समाजको, आफन्तको, श्रीमानको तुच्छता सहेर पनि आफ्नो जिम्मेवारी निभाउने महिलाको कथा हो तर यहि समाजमा मिलेर, जस्तो कठिन समस्यालाइ पनि पार गरेर बस्ने परिवारको पनि कथा हो।' पाठकको भनाई छ।

निर्देशक गोविन्द पराजुली भन्छन्, 'समग्रमा भन्नुपर्दा यो हाम्रो कथा हो, यसले हाम्रो समाज बोल्छ, समाजको यथार्थ बोल्छ। मुख्य कुरा यसले हाम्रो कृषिको महत्वलाइ दर्साउछ।' अर्का निर्देशक शितला अधिकारीले नाटकका कलाकार र पार्श्व मञ्चमा समेत मिहिनेतका साथ काम भईरहेकाले नाटकलाई दर्शकले मन पराउने विश्वास व्यक्त गरिन्।

नाटकमा गोविन्द पराजुली, शितला अधिकारी, सावित्रा पाठक (सबु), ज्योती हमाल, सुमन कार्की एलिसा थापा, बुद्धिसागर खनाल, मुना गुरुङ, विवेक गुरुङ, अभिषेक भुसाल, प्रदीप गौतम (प्रमोद) लगायतको अभिनय रहेको छ। असोज ५ गतेसम्म चल्ने नाटकमा जय चापागाईंले संगीत दिएका छन्।

पद्माप्रेम थिएटरको प्रस्तुतीमा यस अघि नाटक धनिरामको गोरु मञ्चन भएको थियो। जसलाई दर्शकले अध्यधिक रुचाएका थिए भने व्यवसायिक रुपमा पनि सफल भएको थिएटरले जनाएको छ।

# शुसान्त घिमिरे लाइभ कन्सर्टका लागि पोखरा आउदै

पोखरापत्र संवाददाता
पोखरा, २७ भदौं

युवापुस्ता माझ प्रिय गायक शुसान्त घिमिरे आफ्ना गीत सहित पोखरा आउदै छन्।


युवाहरुलाई मनोरञ्जन दिदै नचाउनका लागि पोखरा लेकसाइडमा रहेको प्याराडिसो स्पोर्टस् बार एन्ड ग्रिलमा ब्यान्डले लाइभ कन्सर्टमार्फत दर्शक नचाउने छन्। भदौ २८ गते प्याराडिसोमा कन्सर्टमा नयाँ तथा पुराना पुस्तालाई मनोरञ्जन दिने छन्। उनले अब जिन्दगी सरर मोटर गाडीमाँ, कुहु कुहु गर्दै मलाई सुनाएने चरी तिमि सँगै उडी जाने लगाएतका गीत गाउने छन्। मध्यरातसम्म लाइभ कन्सर्ट चल्ने छ। कार्यक्रमको निःशुल्क प्रबेश रहेको बार म्यानेजर हरि पौडेलले बताए। प्याराडिसो स्पोर्ट्स बार एन्ड ग्रिलमा करिब १ हजार जनाको क्षमता रहेको पौडेलले बताए। उनले फेवा फन्ट, बाल्कुन्नी लगाएका ठाउँबाट फेवाताल र शान्ति स्तुप, रानीवनको दृश्य हेर्न सकिने बताए। म्युजिकसँगै खानामा रमाउन सकिने पौडेलले भनाई छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# प्रधानमन्त्री र मन्त्रीको करार सम्झौता

नयाँ गठबन्धन बनेपछि देशमा सरकार भएको अनुभूति हुन थालेको छासंसदका दुई ठूला दल मिलेर सरकार बनाएपछि जनतामा सरकारप्रति सकारात्मक सन्देश गएको छ । सरकार चलाउने प्रधानमन्त्री केपी शर्मा ओलीको पृथक शैली छ । हरेक मन्त्रीका काम गर्ने तरिका फरक हुन सक्छास्थानीय तहमा पनि पालिका प्रमुखले कर्ार्यकारी प्रमुखसँग करार संझौता भएको छ । मन्त्रीहरूसँग करार सम्झौता गरेपछि प्रदेप्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ योजनाका साथ अगाडि बढ्न मन्त्रीहरूलाई निर्देशन दिएका छन् । बिहीबार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंहदरबार उपप्रधानमन्त्री र मन्त्रीहरूसँग कार्य सम्पादन सम्झौतापछि प्रधानमन्त्री ओलीले कार्य सम्पादन सम्झौतालाई सही ढंगबाट कार्यान्वयन गर्न निर्देशन दिएका छन ।

उनले कार्यसम्पादन सम्झौतालाई 'श्राद्ध गर्न बिरालोलाई बाँधे' जस्तो नठान्न समेत आग्रह गरे। उनले भने, 'कार्य सम्पादान सम्झौता गर्नैपर्ने प्रचलन छ । श्राद्ध गर्दा बिरालोलाई खोजेर भएपनि बाँध्नुपर्छ भनेर यसलाई बिरालो बनाएर श्राद्धमा खोजेर बिरालोलाई बाँधेजस्तो नठान्नुहोला । किन बिरालो बाध्या भनेको त चलन छ । किन कार्य सम्पादन सम्झौता गरेको भनेको त चलन छ । पहिलेदेखि रहेछ चलन फेरि पनि छ ।' प्रधानमन्त्री ओलीले कामको योजना बनाएर तीव्रताका साथ अघि बढ्न मन्त्रीहरूलाई निर्देशन दिए । उनले भने, ढिलासुस्ती गरी काम गर्ने छुट हामीलाई छैन । योजनावद्ध ढंगले तीव्र गतिमा अगाडि बढ्नुहोस् ।' 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न, प्रारम्भ गरिएका पूर्वाधार निर्माण तथा सेवा प्रवाहमा सुधारका कार्यहरू तोकिएको समयमा सम्पन्न गर्न कार्यसम्पादन सम्झौता गरिएको उनको भनाइ छ ।

मन्त्रीले काम देखाउने अवसर पनि एउटा मन्त्रालय र अर्को मन्त्रालयबीच समन्वय गरेर काम गर्न आग्रह गर्दै उनले कुनै पनि कुरामा डुप्लिकेसन नगर्न सचेत गराए। त्यस्तै प्रधानमन्त्री ओलीले यसअघिका राम्रा र उपयुक्त काम र अनुभवलाई साथमा लिएर अघि बढ्न सुझाव दिए । प्रधानमन्त्री ओलीसँग चालु आर्थिक वर्षमा गरिने मुख्य काम र हाँसिल हुने उपलब्धिका लागि उपप्रधानमन्त्रीद्वय र मन्त्रीहरूले आज कार्यसम्पादन सम्झौता गरेका हुन् । कार्यसम्पादन सम्झौतामा मन्त्रालयहरूले आर्थिक वर्ष २०८१/८२ मा गर्नुपर्ने प्रमुख कामलाई समयसीमा समेत उल्लेख गरिएको छ ।

कार्यसम्पाद सम्झौता अनुसारको कामको मूल्याङ्न मासिक र चौमासिक रुपमा हुने प्रधानमन्त्री कार्यालयले जनाएको छ । अनुसूचीसहित विभिन्न खण्डमा विभाजित कार्यसम्पादन सम्झौतामा सरकार गठन भएको पहिलो सय दिन २०८१ कात्तिक ६ गते सम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, दोस्रो सय दिन २०८१ माघ ७ गतेसम्म गरिने प्रमुख कार्य र हासिल हुने उपलब्धि, आर्थिक वर्ष २०८१-०८२ को बाँकी अवधिमा गर्नुपर्ने काम र हासिल हुने उपलब्धिका विषय समावेश छन् । सफल भएका कम्पनीको मोडलमा गरिएको संझौता काम देखाउने मौका हो । यो सबैले थाहा पाउने विषय हो । विपक्षीलाई एकै ठाउमा बस्ने् मौका हो । लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन र मेलाको रमाइलो लिने अवसरको सदुपयोग भएमा देखिने र प्रशंशा पाउने अधिकार सुरक्षित गरेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चौसट्ठी परिवारलाई खानेपानी वितरण

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ भदौं

जिल्लाको बन्दीपुर गाउँपालिका-६ मा 'एक घर, एक धारा' अभियानअन्तर्गत तीनवटा खानेपानी आयोजना सम्पन्न भएका छन् । गत आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारबाट दुई र सङ्घीय सरकारबाट एउटा खानेपानी आयोजना सम्पन्न भएको हो ।

उक्त आयोजनाबाट ६४ परिवार प्रत्यक्ष लाभान्वित भएका बन्दीपुर-६ का वडाध्यक्ष बलबहादुर गुरुङले जानकारी दिनुभयो । गण्डकी प्रदेशले खहरे गाउँपाखोमा रु ६० लाख, खहरे थुमथुमेमा रु नौ लाख र सङ्घीय सरकारले रु १० लाखमा खहरे झपार्दी खानेपानी आयोजनामार्फत एक घर, एक धारा जडान गरेको हो । गत आर्थिक वर्षको अन्त्यभित्र योजना सम्पन्न गरी घरघरमा पानी पुर्‍याइएको खहरे गाउँपाखो खानेपानी उपभोक्ता समितिका अध्यक्ष देवबहादुर गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार योजना सम्पन्न पश्चात् वर्षौंदेखि पाँखाको तातो, नमिठो र चुनायुक्त पानी पिउनुपर्ने बाध्यता अन्त्य भएको छ । "चुनाका कारण कतिपय अवस्थामा पानीको पाइप जाम हुने समस्या खेप्नुपरेको थियो", अध्यक्ष गुरुङले भन्नुभयो, "करिब दुई महिनाको अवधिमा आयोजना सम्पन्न गरी पानी नियमित सञ्चालन गरेका छौं ।" तीनमध्ये ठूलो आयोजनाका रुपमा रहेको खहरे गाउँपाखोका लागि छिमेकी देवघाट-३ नाल्बुङबाट पानी ल्याएर वितरण गरिएको उहाँले जानकारी दिनुभयो । लामो समयदेखि खानेपानीको समस्या खेप्दै आएका वडाबासीले स्वच्छ पानी पिउन पाउँदा खुशी व्यक्त गरेका छन् । अहिले घरघरमा धारा जडान गरेपछि गाग्री बोकेर पानी लिन जानुपर्ने समस्या हटेको झपार्दी खानेपानी उपभोक्ता समितिका अध्यक्ष जीतबहादुर थापाले बताउनुभयो ।

# दमौली अस्पताललाई उपकरण सहयोग

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ भदौं

दमौली अस्पतालमा शल्यक्रिया सुविधा थपिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आवश्यक उपकरण प्रदान सेवा प्रारम्भ भएको हो । अस्पतालमा 'एनेस्थेसिया वर्किङ स्टेसन' नहुँदा मध्यमखालका शल्यक्रिया सेवा उपलव्ध थिएन ।

मन्त्री भएलगत्तै अस्पताल भ्रमणमा पुगेका बेला स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेललाई जिल्ला समन्वय समितिका प्रमुखसमेत रहेका अस्पताल व्यवस्थापन समिति अध्यक्ष शान्तिरमण वाग्ले र अस्पताल प्रमुख डा परिवर्तन बरालले उपकरण सहयोगका लागि आग्रह गर्नुभएको थियो । मन्त्रीकै पहलमा उपकरणको प्रबन्ध भएको हो । अस्पताल प्रमुख बरालले एनेस्थेसिया वर्किङ स्टेसन निर्माणका लागि चाहिने उपकरण, बेहोस बनाउने उपकरण एक थान र मोनिटर एक थान मन्त्रालयबाट प्राप्त भएको जानकारी दिनुभयो । हाल दुई चिकित्सकको व्यवस्था गरेको अस्पतालले अब मध्यमखालका शल्यक्रिया गर्नसक्ने प्रमुख बरालले बताउनुभयो । पित्तथैली तथा स्त्रीरोग र हड्डीको शल्यक्रिया गर्ने तयारी गरेको उहाँले बताउनुभयो ।

# 'केन्द्रिकृत मानसिकता संघीयताको बाधक'

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले केन्द्रिकृत मानसिकता सङ्घीयताको बाधक भएको बताउनुभएको छ ।

पूर्वसांसद मञ्च नेपालद्वारा बिहीबार पोखरामा आयोजित 'नेपालको वर्तमान संविधान संशोधनका सन्दर्भमा जनप्रतिनिधिको धारणा' विषयक गण्डकी प्रदेशस्तरीय कार्यक्रमको उद्घाटन गर्दै उहाँले सङ्घीयताको मर्मअनुरुप संविधान विकेन्द्रित भए पनि मानसिकता केन्द्रिकृत नै हुँदा समस्या भएको बताउनुभयो । जनताले पाउने अधिकारका लागि वर्तमान संविधान उत्कृष्ट भए पनि यसको पूर्ण रुपमा कार्यान्वयन हुन नसक्दा समस्या भएको उहाँले बताउनुभयो ।

उहाँले विद्यमान संविधानलाई परिस्कृत बनाउने र सिङ्गो मुलुकलाई एकताबद्ध बनाउन संशोधन हुनुपर्नेमा जोड दिनुभयो । प्रदेश सरकारबाट जनताले नजिकको सरकारको अनुभूति गर्न पाएको उल्लेख गर्दै उहाँले सरकारसँग जनताको सहज पहुँच बढाएको बताउनुभयो । सङ्घीय निजामती ऐनलगायत अत्यावश्यकीय कानुन नबन्दा समस्या भएको उहाँको भनाइ छ । पूर्वसभामुख तारानाथ रानाभाटले देशमा हरेक कुरामा आत्मनिर्भरता बढाउनेगरी अघि बढ्नुपर्ने बताउनुभयो । युवा जनशक्तिलाई स्वदेशमा राख्ने वातारण बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले देशमा रोजगारी सिर्जना, उत्पादन वृद्धि गर्ने किसिमका कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो । आवश्यकताका आधारमा संविधान संशोधन हुनुपर्नेमा जोड दिँदै उहाँले निर्वाचन प्रणाली खर्चिलो हुने गरेकाजस्ता विषयलाई व्यवस्थित गर्दै लैजानुपर्ने बताउनुभयो । नेकपा (एमाले) गण्डकी प्रदेश संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री खगराज अधिकारीले संविधान तत्कालीन अवस्थामा संसद्‌मा प्रतिनिधित्व गर्ने दलहरूको साझा दस्तावेजका रुपमा रहेको बताउँदै यसको व्यावहारिक कार्यान्वयनमा देखिएका समस्यालाई समाधान गर्दै अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो । पूर्वसांसद मञ्च नेपालका अध्यक्ष ओमकारप्रसाद श्रेष्ठले संविधान संशोधनको विषय उठिरहेका विषयमा वास्तविक आवश्यकता के हो भन्ने सम्बन्धमा जानकारी लिने उद्देश्यले गण्डकी प्रदेशबाट छलफल सुरु गरिएको बताउनुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले संविधान साझा दस्तावेज भएको बताउँदै आवश्यकताअनुसार यसलाई समयसापेक्ष संशोधन गर्दै जान सकिने धारणा राख्नुभयो । कार्यक्रममा पूर्वप्रदेश प्रमुख सोमनाथ अधिकारी(प्यासी) पूर्वसांसद मञ्च नेपालका उपाध्यक्ष विष्णुबहादुर राउत, कार्यक्रम संयोजक शङ्कर पाण्डे, गोविन्द शाहलगायतले राष्ट्रिय हित र आवश्यकतालाई दृष्टिगत गर्दै संविधान संशोधन गर्न सकिने धारणा राख्नुभयो ।

# बागलुङमा बाढीपहिरोमा अठार जनाको मृत्यु, २२ घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, २७ भदौं

बागलुङमा गत असार, साउन रयही भदौ महिनामा बाढीपहिरोमा परि १८ जनाको मृत्यु भएको छ ।

असार दोस्रो सातादेखि हालसम्म जिल्लाको विभिन्न पालिकामा बाढीपहिरोमा परि दशजना पुरुष र आठ जना महिलालाको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय बागलुङका अनुसार बडिगाड गाउँपालिकामा छ महिला र छ पुरुष गरि १२ जना, बागलुङ नगरपालिकामा तीन पुरुष र एक महिला गरि चार जना, गलकोट नगरपालिकामा एक महिला, एक पुरुष गरि दुई जनाको मृत्यु भएको छ ।

यसवर्ष भारी वर्षा हुँदा धेरै ठाउँमा पहिरोले घर पुरिएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक प्रताप पौडेलले बताउनुभयो । पहिरोमा परि २२ जना घाइते भएको उहाँले जानकारी दिनुभयो । घाइतेमध्ये सात जना बडिगाड गाउँपालिका, एक जना जैमिनी नगरपालिका र एकजना बरेङ गाउँपालिकाको रहेको प्रहरी निरीक्षक पौडेल बताउनुहुन्छ । बाढीपहिरोमा परि २२ वटा पशुचौपाया मरेको उहाँको भनाइ छ । बडिगाड गाउँपालिका-१० का ११ वर्षीय बालक अझै बेपत्ता रहेको पौडेलले बताउनुभयो ।

जिल्लामागत असार १५ गतेदेखि बाढीपहिरोले क्षति पुर्‍याउन थालेको थियो । बाढीपहिरोका कारण बागलुङको बडिगाडमा मात्रै करिब ८० परिवार प्रभावित भएका थिए । बडिगाड गाउँपालिका-९ को नयाँबस्ती र वडा नं १० आरुपाता, पाल्ले, क्लावझिङ, खोर, सल्लेनधारालगायत जिल्लामा करिब एक सय ५० घरपरिवार प्रभावित भएको आँकलन गरिएको छ । वर्षा अझै पूर्णरुपमा नरोकिएको हुँदा जोखिम कायमै रहेको छ ।

बडिगाड गाउँपालिकाका अध्यक्ष गण्डकी थापा अधिकारीले बाढीपहिरोबाट यसवर्ष बडिगाडले क्षति ब्यहोर्नु परेको बताउनुभयो । बाढीपहिरो प्रभावित परिवारलाई गाउँपालिकाले आवश्यक सहयोग गरिसुरक्षितस्थानमासार्ने,खाद्यान्न वितरण लगाएको काम गरेको उहाँको भनाइ छ । पालिकाको स्रोत साधानले भ्याएसम्मको व्यवस्थापन गरेको भन्दै माथिल्लो निकायबाट सहयोगको अपेक्षा गरेको उहाँ बताउनुहुन्छ ।

बाढीपहिरोले वडा नं १० मा सबैभन्दा बढी क्षति गरेको भन्दै विस्थापित परिवारलाई पुनःस्थापनाका लागि प्रदेश र केन्द्र सरकारको सहयोग आवश्यकपर्ने अध्यक्ष अधिकारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यसवर्ष हामीहरुले कल्पनानै नगरेको घटना भयो, बाढीपहिरो अप्रत्यसित ठाउँमा गयो, यसले सिङ्गो बडिगाडलाई स्तब्ध बनाएको छ, अझै पनि वर्षा रोकी नसकेको हुँदा आम नागरिलाई सजक हुन आग्रह गरेका छौं, बाढीपहिरोले धेरैलाई घरबारविहीन बनायो, कतिलाई परिवार, आफन्त विहीन बनायो, पीडामा परेका नागरिकको घाउमा हामीहरुले सक्दो मलम लगाउने कोसिस गरेका छौं ।"

# वडा कार्यालय निर्माणमा नगरको चासो

**पोखरापत्र संवाददाता**
पर्वत, २७ भदौं



फलेवास नगरपालिका अन्तर्गत वडा नंवर ५ को वडा कार्यालयको जग्गा प्राप्ती, भवन निर्माण तथा विकासनिर्माण सम्बन्धि कार्यको प्रगति समिक्षा सम्बन्धमा सार्वजनिक सुनुवाई तथा अन्तरकृया कार्यक्रम बिहिबार खानीगाउँस्थीत वडा कार्यालयको सभाहलमा सम्पन्न भएको छ ।

नगरपालिकाले आयोजना गरेको आमभेलामा सहभागि तथा राजनीतिक दलका प्रतिनिधिहरुले वडा कार्यालयको स्थायी संरचना नहुँदा आफुहरुलाई सेवा लिन समस्या परेको भन्दै वडा कार्यालयको लागि जग्गा प्राप्ती र भवन निर्माणको प्रकृया यथाशिघ्र अघि बढाउन माग गरेका छन् । जग्गा प्राप्ती र भवन निर्माणका क्रममा हालसम्म भएका प्रगति तथा वडामा आर्थिक वर्ष २०८०।०८१ मा भएका विकासनिर्माणबारे जिज्ञासा राखेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि एवं संविधानसभा सदस्य विकास लम्सालले वडा कार्यालयको जग्गा प्राप्ती तथा भवन निर्माण गर्ने कार्य अब ढिलाई गर्न नहुने बताउनुभयो । खानीगाउँको वडा कार्यालय मुडिकुवा, देविस्थान, शंकरपोखरी नभई खानीगाउँमै निर्माण हुने भएकोले भौगोलिक दुरीका हिसावले सबैलाई पायक पर्ने तथा बस्ती बिस्तार हुनसक्ने उपयुक्त स्थान पिप्लेको अस्थायी प्रहरी चौकी नजिकमा जग्गा शशुल्क उपलव्ध हुने र उक्त स्थानमा भवन निर्माणकार्य अगाडी बढाउन कुनै बिवाद नहुने स्पस्ट पार्नुभयो । शशुल्क जग्गा प्राप्ती गरी भवन निर्माण गर्ने उक्त कार्यमा आफुले सहयोग गर्ने प्रतिवद्धता जनाउँदै नगरको अन्य विकासनिर्माण र समसामयिक विषयमा समेत चासो राख्नुभयो । सबै राजनीतिक दलहरु अव विकासनिर्माणमा एकजुट हुन आग्रह गर्नुभयो । वडाको जग्गा प्राप्ती र भवन निर्माणको प्रकृयामा राजनीतिक दलहरु सबै एकजुट हुनुपर्ने कुरामा जोड दिनुभयो ।

नगरप्रमुख गंगाधर तिवारीले वडा कार्यालय जग्गा प्राप्ती तथा भवन निर्माणका लागि नीतिगत रुपमा प्रकृया अगाडी बढेको बताउनुभयो । नगरको तेह्रौं र पन्ध्रौं नगरसभाबाट निर्णय भई बजेटको व्यवस्थापन भएको र मन्त्रिपपरिषदबाट समेत निर्णय भएको अवस्थामा केहि व्यक्तिहरुबाट गुनासो प्राप्त भएका कारण वडा भेला राख्न आवश्यक रहेको जानकारी गराउनुभयो । नगरप्रमुख तिवारीले सम्पुर्ण प्रकृया अघि बढेको वडा कार्यालको जग्गा प्राप्ती निःशुल्क हुन नसकेका कारण शशुल्क जग्गा प्राप्ती गरी निर्माण प्रकृयामा गएको र सो जग्गाको मुल्याङ्कन मुआव्जा निर्धारण समितिले गर्ने जानकारी गराउनुभयो । साथै उहाँले यो कार्यलाई कुनै योगदान गर्नसक्ने भएमा निःशुल्क जग्गाको कानूनि प्रावधान सहित टेबुल गर्न र कार्य अवरोध गर्न नहुने कुरा समेत जानकारी गराउनुभयो । नगरप्रमुख तिवारीले विकासनिर्माणका कार्यमा यो वा त्यो वाहनामा नगरलाई अवरोध नगरी सहयोग गर्न पनि सम्पुर्णलाई अनुरोध गर्नुभयो । नगरको कुनै पनि कृयाकलापमा आर्थिक पारदर्शिता हुनुपर्ने र यो विषयमा सबै सचेत हुन जरुरी रहेको बताउनुभयो । उक्त कार्यक्रममा निःशुल्क जग्गा उपलव्ध नभएका कारण खानीगाउँको पिप्लेस्थीत अस्थायी प्रहरी चौकीको नजिकमा शशुल्क जग्गा प्राप्ती गरी भवन निर्माणकार्य अगाडी बढाउन आफुहरुले जस्तोसुकै मुल्य चुकाएर भए पनि सहयोग गर्ने प्रतिवद्धता सहित नेपाली कांग्रेसका नगर सभापति हिरामणी सापकोटा, नेकपा एमाले खानीगाउँका पुर्व अध्यक्ष बिक्रम जिसी, माओबादी केन्द्रका खानीगाउँ अध्यक्ष तोयानाथ पौडेल लगायतले वडा कार्यालय निर्माणमा कुनै बिवाद नरहेको बताउनुभयो । कार्यक्रममा वडाध्यक्ष नारायण प्रसाद लामिछानेले वडामा गतवर्ष भएका विकासनिर्माणबारे जानकारी गराउँदै वडा कार्यालयको जग्गा प्राप्ती तथा भवन निर्माणका लागि हालसम्म भएगरेका कार्यहरुको बारेमा प्रस्ट पार्नुभएको थियो । जग्गा प्राप्ती सम्बन्धमा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा निःशुल्क जग्गा प्राप्ती हुन नसकेका कारण शशुल्क जग्गा प्राप्तीका लागि सूचना प्रकाशित गर्दा स्थानीय सिताराम लामिछानेबाट मात्रै निवेदन प्राप्त भएकोले उक्त जग्गाको प्रकृया अगाडी बढाउन नगरलाई सिफारिस गरेको बताउनुभयो ।

नगर शिक्षा अधिकारी कृष्णप्रसाद आचार्यले वडा कार्यालयको जग्गा छनोट प्रकृया तथा योजना अधिकृत प्रकास लम्सालले गतवर्ष फलेवाससमा भएका विकासनिर्माण तथा नगरको समग्र आर्थिक अवस्थाका बारेमा जानकारी गराउनुभयो । उक्त भेलामा गत आर्थिक वर्षमा सम्पन्न भएका योजनाको समिक्षा र वडा कार्यालयको जग्गा प्राप्ती तथा भवन निर्माण सम्बन्धि निर्णयहरु नगरप्रमुखले प्रस्तुत गर्नुभएको थियो । नगरप्रमुखले प्रस्तुत गरेका निर्णयहरु सहभागि सम्पुर्णले समर्थन गर्दै वडा कार्यालयको जग्गा प्राप्ती तथा भवन निर्माणकार्य अगाडी बढाउन नगरलाई हौसला प्रदान गर्ने प्रतिवद्धता समेत जनाएका थिए । उक्त निर्णयमा समर्थन जनाएकोमा नगरप्रमुख तिवारीले सहभागि सम्पुर्णलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । नगरप्रमुख तिवारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सामाजिक परिचालक सुरक्षा लामिछानेले गर्नुभएको थियो ।

# एमसिसीको प्रसारण लाइनको टावर रहने जग्गाको मूल्य निर्धारण

**पोखरापत्र संवाददाता**
दमौली, २७ भदौं

मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गतको प्रसारण लाइनका लागि विद्युत् टावर रहने जग्गाको मूल्य निर्धारण गरिएको छ।

मूल्य निर्धारण समितिको बुधबार जिल्ला प्रशासन कार्यालयमा बसेको बैठकले प्रसारण लाइनअन्तर्गत टावर रहने जग्गाको अन्तिम मूल्य निर्धारण गरेको मूल्य निर्धारण समितिका संयोजक एवं सहायक प्रमुख जिल्ला अधिकारी कमलराज भण्डारीले जानकारी दिनुभयो । प्रभावित क्षेत्रका स्थानीय तहका प्रमुखहरुको उपस्थितिमा बसेको बैठकले तनहुँ जिल्लाभित्र निर्माण हुने सबै टावर रहने जग्गाको उचित मूल्य निर्धारण गरेको भण्डारीलेबताउनुभयो।जिल्लास्थित आबुँखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिका, व्यास नगरपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकाअन्तर्गत करिब एक सय ९९ टावर निर्माण हुनेछन् ।

तीमध्ये कतिपय टावर सरकारी जग्गामा पर्ने र कतिपय विवादित जग्गामा पर्ने हुँदा ती टावरलाई छाडेर बाँकी रहेका टावर रहने जग्गाको मूल्य निर्धारण गरिएको सहायक प्रजिअ भण्डारीको भनाइ छ। टावर रहने जग्गाका धनीहरुले मूल्य निर्धारण समितिले गरेको जग्गाको मूल्याङ्कनप्रति असहमति जनाएका छन् । उनीहरुले सम्बन्धित जग्गाधनीसँग कुनै छलफल र सहमति नै नगरिकन सरकारी तवरबाट आफूखुसी मूल्य निर्धारण गरिएको बताएका छन् । मूल्य निर्धारण समितिले भने जग्गाको मूल्य निर्धारण गर्नुअघि स्थलगत रुपमा जग्गाको निरीक्षण गरेको र धेरै पटक छलफल गरिएको जनाएको छ।

जग्गाको वर्गीकरणअनुसार मुआब्जा निर्धारण गरिएको भन्दै सहायक प्रजिअ भण्डारीले मालपोत कार्यालयले तोकेको मूल्याङ्कन, सम्बन्धित वडा कार्यालयको चलन चल्तीको मूल्य, बैङ्क तथा वित्तीय संस्थाले तोकेको मूल्य, बाटोको दूरी तथा जङ्गल क्षेत्रको आधारमा जग्गाको मूल्याङ्कन गरिएको बताउनुभयो। मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) नेपाल कम्प्याक्ट अन्तर्गत निर्माण हुने रातमाटे, न्यु दमौली, लेखनाथ र न्यु बुटवल सबस्टेशनमा विद्युत प्रवाहका लागि विद्युत् प्रसारण आयोजना काठमाडौंको लप्सीफेदीदेखि नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) स्थित नेपाल-भारत सीमानासम्म तीन सय १५ किलोमिटर प्रसारण लाइन निर्माण गर्न लगानी हुनेछ। उक्त प्रसारण लाइनअन्तर्गत तनहुँका पाँच पालिकामा एक सय ९९ टावर रहनेछन् ।

मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए) नेपालले चार सय केभी न्यू दमौली सबस्टेसन निर्माणका गत साउन १६ गते ठेक्का सम्झौता गरिसकेको छ । न्यू दमौली सबस्टेसनले रातामाटे, लेखनाथ र न्यू बुटवल सबस्टेसनसँग विद्युत् प्रवाहका लागि महत्वपूर्ण विन्दुको रुपमा काम गर्नेछ। चार सय केभी न्यू दमौली सबस्टेसनबाट विभिन्न जलविद्युत् आयोजनाबाट उत्पादन हुने करिब तीन हजार दुई सय मेगावाट बिजुली प्रसारण गर्ने क्षमता हुनेछ।

# मुस्ताङमा गाउँपालिकाद्वारा 'स्टिम' र 'साउना' सञ्चालन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २७ भदौं

मुस्ताङको घरपझोङ गाउँपालिकाले 'स्टिम' (पानीको बाफबाट दिइने तातो) र 'साउना' (सुक्खा तातो बाफ) सञ्चालन गरेको छ। जोमसोम बजार नजिक घरपझोङ-३ स्याङखोलामा रु २८ लाखको लगानीमा प्राकृतिक उपचारका लागि स्टिम र साउना सञ्चालन गरेको हो ।

पानीको बाफयुक्त बन्द कोठाभित्र बसेर शरीरका खराब वस्तु (विकारण तत्व) फाल्न र शरीरलाई आनन्द प्रदान गर्न गरिने स्टिम बाथ, साउना र जाकुजीलाई आयुर्वेदिक उपचार पद्धति मानिन्छ । घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले चिसो मौसम र हावापानीले बिरामी भइरहने नागरिकको प्राकृतिक उपचारका लागि 'स्टिम' र 'साउना' सुरु गरिएको जानकारी दिनुभयो ।

"चिसोका कारण धेरै नागरिक बिरामी पर्ने गरेकाले शरीरलाई न्यानो, सरसफाइयुक्त राख्न र रोगबाट बचाउन स्टिम सहित छिट्टै साउना र जाकुजी पनि सञ्चालनको तयारी गरेका छौँ", उहाँले भन्नुभयो, "गाउँपालिकाको सबै वडालाई केन्द्र पर्ने स्याङखोलामा सञ्चालन गरिएको साउनाबाट मुस्ताङमा आउने पर्यटक र तिर्थयात्रीहरुले पनि सेवा लिन सक्नेछन् ।"स्टिम बाथ, साउना र जाकुजी सेवा सञ्चालनका लागि गत आर्थिक वर्षमा रु १३ लाख विनियोजन गरेको गाउँपालिकाले चालु आर्थिक वर्षमा रु १५ लाख विनियोजन गरेको छ। निर्माणको अन्तिम चरणमा पुगेको भवनको एउटा कोठामा स्टिम बाथको उपकरण खरिद गरेर परिक्षण सेवा सुरु गरिएको अध्यक्ष लालचनले जानकारी दिनुभयो। घरपझोङ-३ का वडाध्यक्ष फलेन्द्रप्रसाद थकाली र सदस्य विरप्रसाद थकालीको रेखदेखमा परिक्षण सेवा सञ्चालन भइरहेको छ। गत साउनामा ६० वर्ष उमेर पुगेका २८ महिला र २२ जना पुरुषले सेवा लिइरहेका वडाध्यक्ष थकालीले जानकारी दिनुभयो । भवन निर्माण सकिएपछि जाकुजी र साउनालाई व्यवस्थित रुपमा नियमित सञ्चालन गरिने योजना रहेको उहाँले बताउनुभयो ।

महिलाहरुका लागि दिउँसो २ देखि ४ बजेसम्म र पुरुषहरुका लागि दिउँसो ४:३० देखि ७ बजेसम्म साउनामा उपचार गर्ने समय तालिका बनाइएको थियो। एक पटक उपचार गरेको रु एक सय सेवा शुल्क तोकिएको छ।

के हो स्टिम, साउना र जाकुजी ?

'स्टिम' भनेको पानीको बाफबाट दिइने तातो हो भने 'साउना' सुक्खा तातो बाफ हो । यी दुवै विधिअन्तर्गत तापक्रम मिलाइएको कोठामा बस्दा शरीरबाट पसिना निस्कन थाल्छ। कुनै शारीरिक कसरत वा श्रम नगरी धेरै पसिना बग्छ। यसरी पसिना बग्दा शरीर स्वस्थ राख्न मद्दत पुग्ने घरपझोङ गाउँपालिकाकी स्वास्थ्य शाखाकी अनमी प्रकृति गुरूङले बताउनुभयो । चिकित्सकको सल्लाह अनुसार स्टिम र साउना गराउन सकिने भन्दै उहाँले यसले शरीरमा रगत सञ्चालनमा फाइदा गर्ने उल्लेख गर्नुभयो। "तातोले नसा खुलाउने काम गर्छ र मुटुरोगीका लागि फाइदा पुग्छ । शरीरमा भएका विकार हटाउँछ र छालाका प्वालहरु खोलेर फुर्तिलो बनाउँछ। शरीरमा टाँसिएको धुलोधुवाँका कण स्टिम र साउना लिँदा आउने तातोले पसिनाका माध्यमबाट बाहिर निकालिदिन्छ", उहाँले भन्नुभयो।

जाकुजी तातो पानीमा १० देखि १५ मिनेट बस्ने विधि रहेको बताउँदै यी सबै प्राकृतिक उपचार विधि भए पनि चिकित्सकको सल्लाह लिँदा बढी प्रभावकारी हुने अनमी गुरूङले बताउनुभयो। "यसमा तातोपानीको फोहराले शरीर रक्तसञ्चार गराउनाका साथै आनन्द बनाउँछ। शरीरमा भएका विकारलाई हटाउँन, तनावबाट मुक्ति दिलाउँछ, छालामा जमेको फोहर निकालेर सफा बनाउन स्टिम र साउनाले मद्दत गर्दछ", उहाँले भन्नुभयो।

स्टिम र साउनाले मोटोपना घटाउन, स्वस्थ रगत सञ्चालनमा मद्दत गर्छ। जोर्नीहरु कडा भएर हिँड्डुल गर्न गाह्रो हुनेलाई स्टिम र साउनाले जोर्नीहरु खुकुलो बनाउने गर्दछ । नियमित जिम जान वा व्यायाम गर्न नसक्ने वा नभ्याउने मानिसका लागि शरीर स्वस्थ राख्न स्टिम र साउना प्रभावकारी विकल्प हो। चिसो ठाउँ र जाडो मौसममा स्टिम र साउना बाथ लिनेहरु धेरै हुन्छन्।

# तनहुँमा तीन सय २६ जना क्षयरोगीका बिरामी

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ भदौं

जिल्लाका क्षयरोगका बिरामीलाई चिकित्सकको निगरानी (डट्स विधि)द्वारा औषधि सेवन गराइएको छ। दमौली अस्पतालका सिनियर अहेब अधिकृत दिनेश पण्डितका अनुसार एक सय २८ डट्स सेन्टरबाट क्षयरोगका बिरामीलाई निःशुल्क रुपमा उपलव्ध गराइएको छ।

हाल जिल्लामा जिल्लामा तीन सय २६ जना क्षयरोगी छन् । उहाँले भन्नुभयो "डट्स विधि प्रभावकारी रहेकालाई यसलाई निरन्तरता दिँदै आइएको छ। जिल्लाका दशवटै पालिकामा क्षयरोगका बिरामी भेटिएका छन् । बिरामीले आफूलाई पायकपर्ने नजिकैको स्वास्थ्य संस्थामा गएर स्वास्थ्यकर्मीको निगरानीमा औषधि सेवन गर्ने छन् ।" स्वास्थ्य कार्यालयले दिएको जानकारी अनुसार व्यासमा ९६, भानुमा ४२, म्याग्देमा १६, शुक्लागण्डकीमा २६, भिमादमा २६, घिरिङमा १६, ऋषिङमा ११ जना क्षयरोगी रहेका छन् । त्यस्तै देवघाटमा ३१, बन्दीपुरमा २६ र आँबुखैरेनी गाउँपालिकामा २२ जना क्षयरोगी रहेकाछन् । उहाँका अनुसार गतवर्ष क्षयरोगबाट १४ जनाको मृत्यु भएको छ । ती मध्ये ६ महिला र आठ पुरुष रहेका छन्। क्षयरोगका बिरामीका लागि जिल्लाका सबै स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा औषधि वितरण भइरहेको छ। निरन्तर रुपमा खोकी लाग्ने, ज्वरो आउने, टाउँको दुख्ने, वाकवाक लाग्नेलगायतका लक्षण देखिए क्षयरोग लागेको हुनसक्ने चिकित्सकहरु बताउँछन् । नियमित औषधि सेवन गरे क्षयरोगबाट बच्न सकिनेछ । सिनियर अहेब पण्डितले भन्नुभयो "उक्त लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा गएर स्वास्थ्य परीक्षण गराउनुपर्छ।" त्यसैगरी जिल्लामा दुईजना कुष्ठरोगका बिरामी छन्।

तनहुँ जिल्ला कुष्ठरोग नियन्त्रणतर्फ उन्मुख रहेको सिनियर अहेब अधिकृत पण्डितले बताउनुभयो । दुई जनामा नयाँ कुष्ठरोगी देखापरे पनि पुराना कुष्ठरोगी नरहेको अस्पतालको तथ्याङ्कले देखाएको छ। कुष्ठ रोगी समाजमा खुल्न नचाहने भएकोले उपचारमा समस्या हुने गरेको दमौली अस्पतालले जनाएको छ।

# कतार हिँडेका युवक बहुविवाहको आरोपमा विमानस्थलबाट पक्राउ

**पोखरापत्र संवाददाता**
गोरखा, २७ भदौं

विदेश जान हिँडेका गोरखाका एक युवकलाई प्रहरीले बहुविवाहको आरोपमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको छ।

आरुघाट गाउँपलिका-६ घर भएका २८ वर्षीय सुरज गुरुङलाई बहुविवाहको आरोपमा पक्राउ गरी अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो।

"सुरजकी जेठी श्रीमती रिता गुरुङले यही भदौ २३ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको जाहेरी दर्ता गर्नुभएको थियो", उहाँले भन्नुभयो, "लगत्तै विदेश जान लागेको थाहा पाएपछि अध्यागमन कार्यालय तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयसँग आवश्यक समन्वय गरी अनुसन्धानका लागि उहाँलाई पक्राउ गरिएको हो।"

कसुरबाट भाग्न सुरज वैदेशिक रोजगारीका लागि कतार जान लागेको भन्ने प्रहरीले सूचना पाएपछि आवश्यक समन्वय गरी विमानस्थलबाट पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताउनुभयो । सुरजकी जेठी श्रीमती रिताले आफु हुँदाहुँदै श्रीमानूले कान्छी घताने गुरुङसँग विवाह गरेको भन्दै प्रहरीमा बहुविवाहको जाहेरी दिनुभएको थियो।

"उजुरी परेपछि गत सोमबार जिल्ला अदालत कार्यालयबाट पक्राउका लागि अनुमति लिएर सोही दिन पक्राउ गरी गोरखा ल्याइएको हो", श्रेष्ठले भन्नुभयो । निजलाई आज अदालतबाट अनुमति लिएर हिरासतमा राखी थप अनुसन्धान सुरु गरिने उहाँले जानकारी दिनुभयो।

# धार्चेको काशीगाउँ स्वास्थ्य चौकी पुनःनिर्माण

**पोखरापत्र संवाददाता**
गोरखा, २७ भदौं

उत्तरी गोरखाको धार्चे गाउँपालिका-६ स्थित काशीगाउँ स्वास्थ्य चौकीको भवन पुनःनिर्माण सम्पन्न भएको छ।

विनाशकारी गोरखा भुकम्पले पूर्णरुपमा क्षति पुऱ्याएको उक्त स्वास्थ्य चौकीको छ कोठे पक्की भवन निर्माण सम्पन्न भएको हो।

धार्चे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान सुनारले भारतीय दूतावासको आर्थिक सहयोग एवं सहरी विकास तथा भवन निर्माण सङ्घीय आयोजना कार्यान्वियन इकाई पोखरामार्फत काम भएको जानकारी दिनुभयो। गत माघमा भवन निर्माण सकिनुपर्नेमा केही ढिलाइ भएको बताउनुभयो।

भवन निर्माणका लागि कार्यालयले धुलिखेल जेएल जिभी सेवासँग विंस २०७८ माघमा ठेक्का सम्झौता गरेको थियो। सम्झौता अनुसार ठेकेदार कम्पनीले निर्धारित समयमा काम सम्पन्न गर्न नसकेपछि आगामी माघसम्मका लागि म्याद थप गरिएको थियो।

थपिएको म्याद अघि नै भवन निर्माण सकिएको प्रशासकीय अधिकृत सुनारले उल्लेख गर्नुभयो। नयाँ निर्माण गरिएको भवन यथाशीघ्र औपचारिक रुपमा सञ्चालन गरी सेवा प्रवाहको तयारी भइरहेको उहाँले जानकारी दिनुभयो।

# बागलुङबाट बेपत्ता दुई किशोरीको उद्धार

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ भदौं

बागलुङको काठेखोला गाउँपालिका-७ रेशका दुई किशोरी बेपत्ता भएको १४ दिनपछि सकुसल फेला परेका छन्।

बेपत्ता किशोरीलाई काँकडभित्ता र चितवनबाट उद्धार गरी आफन्तको जिम्मा लगाइएको हो । जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी विजय यादवले रेशको नुन्थला माध्यामिक विद्यालयको कक्षा ९ र १० मा अध्ययनरत सन्ध्या किसान र अमृता किसान यही भदौ १३ गते बिहानदेखि बेपत्ता भएका थिए । उनीहरुको खोजी गर्न प्रहरीले नेपालभर फोटोसहितको विवरण पठाएर प्रहरी परिचालन गरेको थियो। बेपत्ता अमृतालाई भारततर्फ लैजादै गरेको अवस्थामा झापास्थित आफन्त नेपालले उद्धार गरी प्रहरीमार्फत परिवारको जिम्मा लगाइएको विद्यालयलका प्रधानाध्यापक ओमबहादुर थापाले जानकारी दिनुभयो।

सन्ध्यालाई चितवनको एक होटलबाट प्रहरीले उद्धार गरी आफन्तको जिम्मा लगाएको हो।

## आँधीखोला गाउँपालिका भएर बग्ने आँधीखोला, सेतीखोला र पाती खोलाहरूको बगर क्षेत्रबाट दिगो रूपमा ढुंगा, गिट्टी र बालुवा तथा नदीजन्य पदार्थको संङ्कलन/उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आईइ) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२८)**

गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, आँधीखोला गाउँपालिकामा आँधीखोला गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम तथा ठेगाना** | **आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सेतीदोभान, आँधीखोला, स्याङ्जा जिल्ला,** |
| **प्रस्तावको व्यहोरा** | **आँधीखोला गाउँपालिका भएर बग्ने आँधीखोला, सेतीखोला र पाती खोलाहरुको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा तथा नदीजन्य पदार्थको संकलन/उत्खनन् गर्ने** |

| घाटको नाम | प्रभावित वडाहरु | नदी/खोला नाम | घाटको नाम | प्रभावित वडाहरु | नदी/खोला नाम |
|---|---|---|---|---|---|
| सेती–आँधीखोला दोभान घाट | ५, ६ | सेतीखोला–आँधीखोला | च्याँठे घाट | २, ५ | आँधीखोला |
| एकराय घाट | ५, ६ | आँधीखोला | चिलाउँनेभाँटी घाट | २, ५ | आँधीखोला |
| रङ्गेठाटी घाट भुङ्ग्यानको रह | २, ५ | आँधीखोला | सरादीखोला घाट | २ | आँधीखोला |
| गवटेपुलको मुख घाट | | आँधीखोला | सिमखेत घाट | ३ | आँधीखोला |
| वइया घाट | २, ५ | आँधीखोला | | | |
| प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. | | स्याङ्जा जिल्ला, आँधीखोला गाउँपालिका | | | |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणको क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनि एकिन गर्न सो स्थानको नगरपालिका(हरु) तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले प्रस्तावकको ठेगानामा आईपुग्ने गरी यो सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने निकाय र ठेगाना**

१. **आँधीखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सेतीदोभान, आँधीखोला, स्याङ्जा जिल्ला**
**इमेलः** aadhikholarm@gmail.com **फोन नं.:** ९८५६००५६०८,९८५६०३१५७३

२. **ग्रिनहेराल्ड ईन्भारोमेन्टल एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं जिल्ला**
**इमेलः** geec.nepal@gmail.com **फोन नं.:** ९८४६४०४११८